NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं.:NICASIA/CS/076-77/72
मिति: २०७६/०५/१९

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

विषयः **जानकारी गराएको बारे ।**

महाशय,

उपर्युक्त विषयमा मिति २०७६ भाद्र १८ मा बसेको यस बैंकको सञ्चालक समितिको ४२० औं बैठकको निर्णयानुसार बैंकको बाईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सो व्यहोरा तहाँको जानकारीको लागि सादर अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७६ आश्विन १० गते (२७ सेप्टेम्बर २०१९) शुक्रबार
समय : बिहान ९:०० बजे
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७५/७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री टि आर उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को लागि चुक्ता पूँजीको ११.०५२६% का दरले नगद लाभांश रु. ९७,६४,१४,७५१/- (अक्षरेपी सन्तान्नब्बे करोड चौसठ्ठी लाख चौध हजार सात सय एकाउन्न रुपैयाँ मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को लागि चुक्ता पूँजीको १०% का दरले हुने रु. ८८,३४,२२,८७०/- (अक्षरेपी अठासी करोड चौतीस लाख बाईस हजार आठ सय सत्तरी रुपैयाँ मात्र) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

ISO 9001 Certified Bank

**REGISTERED OFFICE**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: +977-1-5111177/78/79/88 Fax: +977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतप्राप्त संस्था
0000432372

NIC ASIA
एन आई सी एशिया बैंक लि.

२. प्रस्ताव नं. १ बमोजिम बोनस शेयर वितरणबाट बैंकको साविक अधिकृत पूँजी रु. ८,८४,००,००,०००/- (अक्षरेपी आठ अर्ब चौरासी करोड रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७२,००,००,०००/- (अक्षरेपी नौ अर्ब बहत्तर करोड रुपैयाँ मात्र) बनाउन, साविक तत्काल जारी पूँजी रु. ८,८३,४२,२८,६९८/- (अक्षरेपी आठ अर्ब त्रीयासी करोड बैयालीस लाख अठ्ठाईस हजार छ सय अन्ठानब्बे रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छैहत्तर लाख एकाउन्न हजार पाँच सय अठसट्ठी रुपैयाँ मात्र) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. ८,८३,४२,२८,६९८/- (अक्षरेपी आठ अर्ब त्रीयासी करोड बैयालीस लाख अठ्ठाईस हजार छ सय अन्ठानब्बे रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छैहत्तर लाख एकाउन्न हजार पाँच सय अठसट्ठी रुपैयाँ मात्र) बनाउन स्वीकृति प्रदान गर्ने ।
३. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।
४. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक जे/जो गर्न/गराउन सक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

**(ग) विविध ।**

द्रष्टव्यः वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७६/०५/२९ गते देखि २०७६/०६/१० गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७६/०५/२९ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न, बोनस शेयर तथा नगद लाभांश पाउने व्यवस्था मिलाइएको व्यहोरा तहाँको जानकारीको लागि सादर अनुरोध छ ।

धन्यवाद ।

**भवदीय,**

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

दिपेन कार्की
**कम्पनी सचिव**

**संलग्नः** मिति २०७६/०५/१९ गते राष्ट्रिय दैनिक 'सौर्य दैनिक' मा प्रकाशित २२ औं वार्षिक साधारण सभा हुने बारे सूचनाको प्रतिलिपी.......१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

# एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं, वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/७९, फ्याक्स: +९७७१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्

# एन आई सी एशिया बैंक लिमिटेडको बाईसौं वार्षिक साधारण सभाको सूचना

## आर्थिक वर्ष २०७५/७६ को संक्षिप्त आर्थिक विवरण

PKF T. R. Upadhya & Co.

PKF

INDEPENDENT AUDITOR'S REPORT

### एकीकृत वित्तीय अवस्था

३१ आषाढ २०७६ (१६ जुलाई २०१९) सम्म

### एकीकृत नाफा अथवा नोक्सान विवरण

आषाढ २०७६ मसान्तमा समाप्त वर्षको लागि (१६ जुलाई २०१९)

### नगद प्रवाहको एकिकृत विवरण

२०७६ असार मसान्तसम्मको आधारमा

रकम रु. मा

### अन्य समग्र आम्दानीको एकिकृत विवरण

रकम रु. मा